# जनजाति तथा वैकल्पिक विकास अध्ययन केन्द्र
# Centre for Ethnic and Alternative Development Studies
# (CEADS)

PAN: 302661923

ल.पु.जि.का.दर्ता नं. ९११


## 'डा. हर्क गुरुङ बहस श्रृङ्खला-५६'

## हार्दिक निमन्त्रणा

जनजाति तथा वैकल्पिक विकास अध्ययन केन्द्र **(सिड्स)**, प्राज्ञिक परिषद्ले नेपालको भौगोलिक,सामाजिक,आर्थिक, राजनीतिक तथा जनजातीय क्षेत्रमा बौद्धिक, प्राज्ञिक र नीतिगत विचार प्रवाह गर्ने उद्धेश्यले प्रत्येक अंग्रजी महिनाको १ र १५ तारिखका दिन (पाक्षिक रुपमा) समसामयिक विषयहरुमा बहश चलाउने उद्देश्यले स्वर्गीय **डा.हर्क गुरुङ्ग**को सम्झना र सम्मानस्वरुप **"डा. हर्क गुरुङ्ग बहस श्रृङ्खला"** निरन्तर आयोजना गर्ने गर्दछ। यस पटक

## *संविधानसभाको चार वर्षे अवधिको सिंहावलोकन र घोषित "संविधानसभाको निर्वाचन"*

विषयक खुल्ला अन्तरक्रियामा बहिष्कृत समुदायका मुद्दाहरु विद्यमान पार्टीहरुले संवोधन गर्छन ? वा अरु वैकल्पिक उपाय लिन जरुरी छ ? भन्ने जस्ता विषयवारेमा मानवअधिकारवादी नेता **श्री पद्मम रत्न तुलाधार ज्यू** र घोषित चुनाववारे प्रकास पार्न संविधानविद **श्री पूर्णमान शाक्य ज्यू** आमन्त्रित हुनुहुन्छ । नेपाली समाजमा कुनै पनि सार्वजानिक महत्व राख्ने विषय,मुद्दाहरुमा व्यक्तिगत तथा पारिवारिकस्तरमा आपसी कुराकानी हुने गरेको पाईएता पनि खुल्ला/सार्वजानिक स्तरमा भिन्न विचार तथा धारणा राख्ने जमात भेला भई स्वच्छ तथा हार्दिक वातवरणमा विचारहरु एक आपसमा माझ्ने माध्यमको खाँचो देखिन्छ । सिड्सको तर्फबाट त्यही खाँचो टार्न विगत दुईवर्ष भन्दा वढि समयदेखि वौद्धिक बहस कार्यक्रम सञ्चालन गराउँदै आएको सर्वविदितै छ ।

यसपटको श्रृङ्खलामा सहभागिभै उल्लेखित विषय-वस्तुमाथिको जीवन्त अन्तरक्रियामा आ-आफ्नो विचार दिएर कार्यक्रमको महत्व झनै बढाउन तपाइको उपस्थिति हामीले अपेक्षा गरेका छौं । छलफलमा उठेका यहाँहरुको भिन्न,मार्गदर्शक तथा प्रेरणादायिक विचारहरुलाई हामी लिपिवद्ध गरी निरन्तररुपमा प्रकाशन गर्दै जानेसमेत जानकारी गराउँदछौं ।

धन्यवाद ।

**मिति,समय र स्थान :**

मितिः १ जुन २०१२ ( १९ जेष्ठ,२०६९, शुक्रबार)

समयः दिनको ठीक ४ :०० बजे

स्थानः साटोआकी मेमोरियल भवन, कुपन्डोल,

प्रा.डा. नोवल किशोर राई
संयोजक
प्राज्ञिक परिषद


Natole, First Lane Mangalbazaar Road, Pulchowk, Lalitpur, Nepal
GPO Box 4885, Sundhara, Kathmandu
**Phone/Fax:** (977 1) 5533362, 9841933935
**Email:** ceads.nepal@gmail.com, info@ceads.org.np
**Website:** www.ceads.org.np


